# लायन्स क्लब अफ पोखरा डल्फिनद्वारा एघारौं पदस्थापनको अवसरमा

प्रकाशित

# स्मारिका २०८१

## तथा

## वार्षिक प्रतिवेदन

**(ला.व. २०२३/०२४)**

**नवौं संस्करण**



**Melvin Jones**
Founder of Lions Club International
(13th Jan. 1879-1st June, 1961)
Established of Lions Club 7th June 1917



**MATRIKA P. KOIRALA**
First Club President of Nepal
Lions Club of Biratnagar
LY 1971/072



**FABRÍCIO OLIVEIRA**
International President
LY 2024/025

# District Governor's Team

## Lions Clubs International
District 325 I, Nepal

### District Governor



**LION BINOD DHUNGANA**
District Governor
Mobile: +9779856022044
Email: pragatitt@gmail.com
HC: Lions Club of Pokhara Abhiyan

### 1st Vice District Governor



**LION PARBATI KHAREL PANDEY**
First Vice District Governor
Mob.: +9779851197669
Email: lionparbati2526@gmail.com
HC: LC Kathmandu Paropakar

### 2nd Vice District Governor



**LION SURYA KUMAR KC**
Second Vice District Governor
Cell: 9851138900
Email: suryakc222@gmail.com
LC Kathmandu Sakura

### Cabinet Secretary



**LION AMRIT PRASAD TIWARI**
**District Cabinet Secretary**
Cell: 9856034090
Email: amrittiwari325@gmail.com
HC: LC Pokhara Goodwill

### Cabinet Treasurer



**LION PABITRA RAJ TIWARI**
**District Cabinet Treasurer**
Cell: 9856021005
Email: mapraj003@gmail.com
HC: LC Pokhara Civic

# लायन्स क्लब अफ पोखरा डल्फिन स्मारिका

वर्ष ११ अंक : ९ २०८१

## स्मारिका प्रकाशन समिति



लायन सन्त ब. लामिछाने
संयोजक



लायन ऋषि गिरी MJF
सदस्य



लायन पदमलाल श्रेष्ठ
सदस्य



लायन रेवती भण्डारी
सदस्य



लायन गोविन्द बहादुर खड्का MJF
सदस्य

प्रकाशक
लायन्स क्लब अफ पोखरा डल्फिन

# लायन्स क्लब अफ पोखरा डल्फिन २०२४/०२५ को कार्यसमिति



**L. Govinda Bdr. Khadka**
**President**



**L. Rebati Bhandari**
IPP/LCIF Coordinator



**L. Surendra Baral**
1st VP



L.Sher Bdr. Rana
2nd VP



**L. Khimlal Barali**
3rd VP



L. Ganesh Bdr. Thapa
Secretary



L. Bam Dev Poudel
Treasurer



L. Shiva Raj Regmi
Joint Secretary



Yogendra Raj Bhandari
Joint Treasurer



**L.Birendra C.K**
Club Membership
Chairperson



L.Santa Bdr. Lamichhane
Club Service
Chairperson




L. Rishi Giri
Marketing & Com.
Chairperson



L. Milan Babu Sunar
Tamer



L. Dr. Mukesh Mallik
Tail Twister



# राष्ट्रिय गान

सयौं थुँगा फूलका हामी, एउटै माला नेपाली
सार्वभौम भई फैलिएका, मेची-महाकाली ।

प्रकृतिका कोटी-कोटी सम्पदाको आंचल
वीरहरुका रगतले, स्वतन्त्र र अटल ।

ज्ञानभूमि, शान्तिभूमि तराई, पहाड, हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल ।

बहुल जाति, भाषा, धर्म, संस्कृति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो जय जय नेपाल ।

## झण्डाको अभिवादन



हामी हाम्रो राष्ट्रिय झण्डालाई अभिवादन गर्दै यस प्रति आफ्नो अटुट दृढ विश्वास व्यक्त गर्दछौं । एउटा सुयोग्य नागरिकको हैसियतले उत्साह र तत्परताका साथ आफ्नो कर्तव्य पूरा गरे मात्र यसको महिमा तथा गौरब बढ्दछ । यसको सुनौलो अक्षरले लेखिएको इतिहासले नै हामीलाई स्वदेश को मर्यादाका निम्ति सत्कार्य गर्ने प्रेरणा प्रदान गर्दछ । हामी हाम्रो राष्ट्रिय झण्डाप्रति अविचलित निष्ठाको घोषणा गर्दै र यसले देखाएको बाटोमा अघि बढ्दै यसको महिमा बढाउन तथा यसलाई राष्ट्रहरुका माझमा गौरवका साथ फरफराई राख्न साँचो प्रयास गर्नेछौं ।

धन्यवाद ।।

## लायन्सको आचारसंहिता

» आफ्नो कामको विश्वास राखी कडा परिश्रमले आफूलाई योग्य सावित गर्नु र स्तरीय सेवा प्रदान गरी ख्याती आर्जन गर्नु ।

» उचित पारिश्रामिक वा मुनाफाको माग गर्नु तर आत्मसम्मान गुमाएर वा कुनै अनुचित कार्य गरी मेहनत वा मुनाफा आर्जन नगर्नु ।

» आफ्नो कारोबार सफल गर्नलाई अरु कसैको कारोवारलाई नष्ट गर्न जरुरी छैन भन्ने याद गरी ग्राहकहरु प्रति वफादार तथा आफैप्रति सच्चा हुनु ।

» जुनसुकै बेलामा आफ्नो अधिकार स्तर वा अचरण अथवा आफ्नो सहकर्मीप्रतिको कार्यलाई आफूलाई शंका उठेमा त्यस्तो शंकालाई समाधान गर्नु ।

» कुनै चिज लिने दिने उद्देश्यले होइन कि निःस्वार्थ भावनाले मित्रता कायम गर्नु सच्चा मित्रतामा कुर्नपनि माग राखिदैंन तर जुन उत्साहले सेवा प्रदान गरिएको छ, त्यो हेरी सेवा स्वीकार गर्न सकिन्छ ।

» एक नागरिकको हैसियतले आप्नो राष्ट्रप्रति, प्रान्तप्रति, समाजप्रतिको दायित्व सदा हृदयगंम गरी मन, वचन र नीतिहरुप्रति बफादारी हुनु तथा आफ्नो समय, श्रम तथा धन प्रदान गर्नु ।

» दु:खमा परेका सहकर्मीहरुलाई हार्दिक सहानुभुती तथा कमजोर जरुरतमन्दहरुलाई सहयोग प्रदान गर्नु ।

» आफ्नो आलोचनाप्रति होसियार तथा प्रशंसाप्रति उदार भई केही बनाउनु तर नष्ट नगर्नु ।

# नियमित बैठक संचालन विधि

**१. आसन ग्रहण**

सभापतित्व/अध्यक्षता - संस्थाका अध्यक्ष
नि. वर्तमान अध्यक्ष
संस्थापक अध्यक्ष
पूर्व अध्यक्षहरू
प्रथम उपाध्यक्ष
द्धितीय उपाध्यक्ष
तृतीय उपाध्यक्ष
संस्थाका पदाधिकारी तथा सदस्यहरू
कार्यक्रम शुभारम्भ भएको घोषणा

**२. राष्ट्रिय गान**

**३. झण्डाको अभिवादन**

**४. विश्व शान्तिको लागि १ मिनेट मौन प्रार्थना**

**५. स्वागत मन्तव्य**-उपाध्यक्ष/संयोजक वा कुनै सदस्य

**६. अध्यक्षबाट बैठकमा छलफलका लागि निर्धारित एजेण्डाहरू प्रस्तुत**

**७. एजेण्डाहरूमा केही थप घट भए सुझाव माग्ने तथा एजेण्डा पारित गर्ने**

**८. निर्धारित एजेण्डाहरू माथि खुल्ला छलफल**

**९. निर्णय पारित**

**१०. धन्यवाद ज्ञापन** - अध्यक्ष/उपाध्यक्ष, पूर्व अध्यक्ष वा संयोजक

**११. सभापतिबाट कार्यक्रम समापन**

# औपचारीक कार्यक्रम संचालन विधि

**१. आसन ग्रहण**

सभापतित्व/अध्यक्षता - संस्थाका अध्यक्ष
प्रमुख अतिथि
विशेष अतिथि
नि:वर्तमान अध्यक्ष
संस्थापक अध्यक्ष
अतिथि ज्यूहरू
पूर्व अध्यक्षहरू
संस्थाका पदाधिकारी तथा सदस्यहरू

**२. कार्यक्रमको विधिवत शुभारम्भ भएको घोषणा** –सभापतिबाट

**३. राष्ट्रिय गान**

**४. झण्डाको अभिवादन**

**५. विश्व शान्तिको लागि १ मिनेट मौन प्रार्थना**

**६. स्वागत मन्तव्य**-उपाध्यक्ष/संयोजक वा कुनै सदस्य

**७. कार्यक्रम विधिवत उद्घाटन** – प्रमुख अतिथिबाट

**८. कार्यक्रम** ....................................

**९. शुभकामना मन्तब्य**

.....................................................................

.....................................................................

**१०. मन्तव्य** – प्रमुख अतिथिबाट

**११. धन्यवाद ज्ञापन** – अध्यक्ष/उपाध्यक्ष, पूर्व अध्यक्ष वा संयोजक

**१२. कार्यक्रम समापन** – सभापतिबाट

# Club Profile

| | | |
|---|---|---|
| क्लबको नाम | : | LIONS CLUB OF POKHARA DOLPHIN<br>**लयन्स क्लब अफ पोखरा डल्फिन** |
| क्लबको लोगो | : | |
| क्लब नं. | : | १२२८२० |
| साबिक डिष्ट्रिकको नाम | : | ३२५ बि १ नेपाल |
| हाल डिष्ट्रिकको नाम | : | ३२५ आईं नेपाल |
| डिष्ट्रिक नं. | : | ५१११ |
| डिष्ट्रिक आई डि नं. | : | १५०६४९ |
| क्लब चार्टर भएको दिन | : | २४ जुलाई २०१४ |
| संस्थापक अध्यक्ष | : | लायन रामबहादुर बलकोटी |
| स्पोन्सर क्लब | : | लायन्स क्लब अफ पोखरा समर्पण |
| एक्टेन्सन चेयर पर्सन | : | लायन बिन्दु श्रेष्ठ<br>लायन अर्चना प्रधान |
| गाईडिङ लायन | : | PDG लायन योगेन्द्र प्रधान<br>लायन डा. गोपिलाल श्रेष्ठ |
| चार्टर सदस्य | : | ३६ |
| वर्तमान सदस्य संख्या | : | ३६ |

# Lions Club Objectives

**TO CREATE** and fosters a spirit of understanding among the peoples of the world.


**TO PROMOTE** the principles of good government and good citizenshiop

**TO TAKE** an active interest in the civic, cultural social and moral welfare of the community.

**TO UNITE** the clubs in the bonds of friendship a good fellowship and mutual understanding.

**TO PROVIDE** a forum for the open discussion of all maters and public interest; provided, howevere, that partisan politics and sectarian religion shall not be debated by club member.

**TO ENCOURAGE** service minded people to service their community without personal financial reward and to encourage effieciency and promote high ethical standards in commerce, industry professional, public works and private endeavors.



The
International Association
OF
Lions Clubs
CHARTER
To All to Whom These Presents Shall Come:
GREETING

Know ye that The International Association of Lions Clubs has granted, and by these presents does grant to the members, whose names are hereunto affixed, and to all regularly elected members and their successors, this charter, fully constituting them a local club, under the name and title of

THE LIONS CLUB OF
Pokhara Dolphin
Sponsored by:
Pokhara Samarpan

Located at Pokhara, Nepal with all the rights and privileges given to members of The International Association of Lions Clubs, according to the rules and regulations of the Constitution and By-Laws of The International Association now in force, or hereinafter enacted. This Charter shall be in full force and effect from the day of the date hereof, and for such time as the members of the local club shall conform to the laws and rules of the international association, otherwise this charter shall be revoked.

In Witness Whereof, The International Association of Lions Clubs has authorized its president and secretary to affix their signatures, and caused the seal of the association to be hereunto affixed this 24th day of July in the year of our Lord 2014

Executive Administrator & Secretary
INTERNATIONAL PRESIDENT

Charter Members

LION TILAK PRASAD TIWARI
LION SHANDIP TIWARI
LION GOVINDA BDR. SHAHI
LION YADAV KUMAR SHRESTHA
LION KRISHNA KUMAR SHRESTHA
LION BAM DEV POUDEL
LION THAKUR PRASAD PANTHA
LION MILAN BABU SUNAR
LION SHANKAR OJHA
LION BIRENDRA NEPALI C.K.
LION SHER BAHADUR RANA

LION RAM BAHADUR BALKOTI
LION RISHI GIRI
* LION KAMAL THAPA
* LION ARJUN BDR. BHANDARI
LION BUDDHI KUMAR SHRESTHA
* LION KRISHNA BDR. ROKA
* LION PREM BDR. NEPALI
* LION DR. TIRTHA SHRESTHA
LION RAJAN PANTHA
* LION ACHYUT KATTEL
LION GOVINDA BDR. KHADKA
LION REBATI BHANDARI

LION SURESH LAMICHHANE
LION TIL BDR. GURUNG
LION DUDH RAJ TIWARI
* LION NABIN ADHIKARI
LION UMESH CHANDRA DEVKOTA
LION CHITRA BDR. B.K
LION PADAM LAL SHRESTHA
LION GANESH SHRESTHA
LION DILIP KUMAR NEUPANE
LION SURENDRA BARAL
LION DURGA BDR. THAPA
* LION NABINA ADHIKARI
* LION BIDHYA SAGAR POUDEL
* LION BINDU PD. SUBEDI



**LION BINOD DHUNGANA**
District Governor

Lion Govinda Bahadur Khadka,
President,
Lions Club of Pokhara Dolphin

## Goodwill Message

I extend my heartfelt congratulations and gratitude to the Lions Club of Pokhara Dolphin for publishing its vibrant and informative souvenir on the occasion of the Induction and Installation Program.

With a proud history spanning 11 years, the club has been a beacon of unity and service in our district. The numerous projects and contributions to the local community and vital role in organizing District's events are exemplary and unforgettable. The tireless efforts of past presidents and the creativity of all members have made this club a model for others. They have also inspired me personally.

We look forward to your continued contributions this year. I wish you all the best for the publication of the souvenir and believe that your efforts will inspire fellow Lions to dedicate themselves to service, fellowship, and leadership.

Lion Binod Dhungana
District Governor
District 325 I, Nepal

# District Official Protocol for LY 2024-2025

| S.N. | Designation |
|---|---|
| 1 | District Governor |
| 2 | MD Coordinators |
| 3 | Immediate Past District Governor |
| 4 | First VDG |
| 5 | Second VDG |
| 6 | Multiple District Committee Chairpersons |
| 7 | Past Council Chairpersons |
| 8 | Past District Governors |
| 9 | District Cabinet Secretary |
| 10 | District Cabinet Treasurer |
| 11 | District Chief Advisor |
| 12 | Spouse of DG/VDG/PMCC/PDG (Dias Call only at Cabinet & Convention Meetings) |
| 13 | District PRO In Chief |
| 14 | District Secretariat Administrator |
| 15 | District Financial Administrator |
| 16 | District Co-Chief Advisor |
| 17 | District Executive |
| 18 | District Coordinator |
| 19 | Additional District Coordinator |
| 20 | District Ambassador |
| 21 | Cluster Chief |
| 22 | Global Causes Chairperson |
| 23 | Cluster Co-Chief |
| 24 | Governor's Program Chairperson |
| 25 | Global Causes Co - Chairperson |
| 26 | Governor's Program Co- Chairperson |
| 27 | Global Causes Officer |
| 28 | Region Chairperson |
| 29 | Governor's Program Officer |
| 30 | Zone Chairperson |
| 31 | Global Causes Member |
| 32 | Governor's Program Member |
| 33 | International Relation Representative |

# संयोजकको भनाई



लायन क्या. सन्त बहादुर लामीछाने
संयोजक
स्मारिका प्रकाशन समिति

Liberty, Intelligence, Our Nation's Safety: LIONS क्लब इन्टरनेशनल ३२५ बि १ नेपाल अन्तर्गत रहेको ३६५ भन्दा धेरै मध्येको एउटा उदाउदो चम्किलो क्लब, जहाँ विविध क्षेत्रका उत्कृष्ट समाजसेवी मनहरुको दृढ संकल्पित हमेशा उपस्थिति, अनि 'हामी सेवा गर्छौं' भन्ने भाव सहितको यहि समुहको आधिकारिक स्वरुप पाएको दश वसन्त पार गरेर एघारौं वसन्तमा अगाडी बढ्दै गर्दा मात्रै पनि सेवामा आफुलाई सर्वोकृष्ट को सुचिमा दर्ज गराउन सफल र  सेवाका अनगिन्ति ज्योतिहरु छर्ने क्रमको निरन्तरतामा प्रकाशित यो वार्षिक प्रतिवेदन सहितको 'स्मारिका' को संयोजन गर्ने जस्तो महत्वपुर्ण भुमिकाको लागी मलाई विश्वास गरि यो विशेष जिम्मेवारि प्रदान गरिएकोमा लायन्स क्लब अफ पोखरा डल्फिन परिवारप्रति म हार्दिक आभार व्यक्त गर्न चाहन्छु।

'भजन गाउने ओंठहरु भन्दा सहयोग गर्ने हातहरु पवित्र हुन्छन' सायद एउटा अमेरिकन युगपुरुष मेल्भिन जोन्सले त्यतिबेला सन १९१७ मा यी माथिका वाक्यांशलाई लत्याइदिएका भए आज विश्वमा अनगिन्ति मानिसहरुको अकालमै मृत्यु हुन्थ्यो मात्रै हैन विश्वमा अशान्ति भैरहेको हुन सक्दथ्यो वा सेवाको भावहरु पैदा सम्म पनि नहुन सक्दथ्यो, अनि कमजोर मानिस झन झन कमजोर हुदै जाने खतरा टड्कारो रुपमा देखिन्थ्यो होला। तिन क्षेत्रहरु (सेवा, नेतृत्व र भाइचारा) लाई समानान्तर रुपमा अगाडि बढाउँदै लैजाने प्रणस्वरुप नेपालमा पनि यसको आगमन सन १९७१ मा नेपालका भुपु प्रधानमन्त्री मात्रिकाप्रसाद कोइराला ज्युबाट भयो र त आज हामी यस संस्था र आफुप्रति गर्व गर्न सकिरहेका छौं।  जब म कुनै काम सोच्ने गर्दछु अनि मलाई यो भनाइ सधैं स्मरण हुन्छ 'एकले थुकि सुकि, सयले थुकि नदि', हामी सय मात्रै छैनौं अहिलेको अवस्थामा करिब २११ भन्दा बढि देशमा करिब ४७ हजार लायन्स क्लबहरुको उपस्थिति करिब १४ लाख सदस्यहरुको संख्यामा रहेको छ । नेपालमा मात्रै पनि करिब ४५ हजारको संख्यामा सहयोगि मनहरुको आबद्धता रहेको यो विशाल संस्थाको एउटा प्रतिनिधि रहनु र त्यो पनि उदाउदो डल्फिनको नामबाट सर्वश्रेष्ठता हासिलका खातिर तल्लिन हुन पाउनु मेरो लागी गर्वको कुरा हो। सन १९२५ को त्यो ऐतिहासिक अन्तराष्ट्रिय सम्मेलनमा विश्वप्रसिद्द व्यक्तित्व हेलेन केलरले

दिएको सुझावलाई अङ्गिकार गर्दै जाँदा अहिले सताब्दिको बिदाइसङ्गै अन्धोपनमा लायन्सले छलाङ मारेको अवस्था छ । WHO को अनुमान अनुसार सन २०४० सम्म मधुमेहबाट ६४२ मिलियन भन्दा बढि मानिसहरु सङ्क्रमित हुने कुरा लाई मध्यनजर गर्दै अबको सताब्दि मधुमेहमा लगाउने प्रण सङ्गै बढिरहेको लायनवादि यात्रामा लायन्स क्लब अफ पोखरा डल्फिनको भुमिका पनि सम्झनलाएक इतिहास बन्न सक्छ । सन् २०१४, जुलाई २४ मा यो सुन्दरनगरि पोखरामा बैधानिकता पाएको यो क्लबले लायनवादमा आफ्नो गहकिलो नेतृत्वकारि उपस्थिति जनाइसकेको छ । सेवाका पाँच वटै क्षेत्रहरु (सामुदायिक र मानविय, विपत्कालिन, स्वास्थ्य, शैक्षिक र वतावरणिय) मा यस क्लबले गरेको कार्यहरु अतुलनिय छ। यि र यस्तै योगदानको बिच यतिखेर यस क्लबका निवर्तमान अध्यक्ष आदरणिय रेवती भण्डारी डिस्ट्रिककै धन्यवादका पात्र हुनुहुन्छ, उहाँप्रति विशेष सम्मान प्रकट गर्दै आगामी वर्षहरु झन झन विशेष बनाउन हाम्रो क्लबको भुमिका अझै शसक्त हुनेछन् भन्ने विश्वास लिएको छु।

अन्तमा, यो स्मारिका तयारी दौरानमा विज्ञापन सङ्कलन, अर्थ सङ्कलन, लेख रचना सङ्कलन, डिजाइन, सम्पादन तथा प्रकाशनका साथै वितरण सम्म अहोरात्र खटिएर मलाई सहयोग पुऱ्याउनुहुने यस लायन्स क्लब अफ पोखरा डल्फिनको वर्तमान र निवर्तमान अध्यक्ष ज्यु लगायत स्मारिका प्रकाशन समिति तथा समस्त डल्फिन परिवारप्रति जति धन्यवाद दिए पनि कम हुन्छ । यस स्मारिकामा प्रकाशित अमुल्य लेखर/रचना, विज्ञापन तथा प्रतिवेदनका आदरणीय लेखक/रचनाकार, विज्ञापनदाता तथा प्रतिवेदकहरु र यि यावत जानकारिलाई किताबको रुपमा परिणत गरिदिने प्रतिक अफसेट प्रेषप्रति झन म धन्यवाद नदिरहन सक्दिन । डल्फिन परिवारका सबै सदस्य र सबैको सल्लाह सुझावलाई समेट्ने प्रयास गरिएको यस स्मारिकामा यदि कसैलाई समेट्न नसकिएको भए वा यो दौरानमा कुनै गल्ति भएको भए क्षमा चाहन्छु र समग्रमा अन्य जुनसुकै तरिकाबाट भएपनि जोडिएका सहयोगि अग्रजहरु र साथीहरु प्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु। लायनवादमा यहाँहरुको यात्रा अविस्मरणिय रहोस् ।

धन्यवाद । जय लायनवाद ।

लायन क्या. सन्त बहादुर लामीछाने
संयोजक
स्मारिका प्रकाशन समिति
लायन्स क्लब अफ पोखरा डल्फिन

# ला. व. २०२३/०२४ को अध्यक्षको मन्तव्य



**Lion Rebati Bhandari**
President
LY 2023/24

विश्वकै सबैभन्दा धेरै मानिसहरु आबद्दता रहेको सामाजिक संस्था लायन अन्तराष्ट्रियको एक सदस्य हुन पाउदा आफुलाई गौरवन्वित ठान्दछु। साथै यो संस्था ३२५ आई नेपाल अन्तर्गत लायन्स क्लव हफ पोखरा डल्फिनको संस्थापक सदस्य हुन पाउदा म आफुलाई असाध्यै भाग्यशाली ठान्दछु। भाग्यशाली यो अर्थमा ठान्दछुकी मेरो क्लवमा सदस्य संख्या सिमित भएतापनि सहयोगी मनहरु भ्ने अनगिन्ति छन् । क्लवमा यसै वर्ष कुनै पनि सेवा कार्य गर्ने योजना बन्छ तब कार्यसम्पादन गर्न साथिहरु बिच तछाडमछाड हुने गर्दछ । कार्यक्रम लाई कसरी प्रभावशाली र गुणस्तरीय बनाउने भन्नेमा नेतृत्वको सदैव निरन्तर सहयोग जारी रहन्छ। त्यसै गरी जब फेलोशिप को कार्यक्रम तर्जुमा हुन्छ भने गाउने, नाच्ने तथा रमाइलो बनाउने साथिहरुको कमि यो क्लवमा कहिल्यै खड्किदैज। त्यसैले त मलाई डल्फिनको सदस्य हुनुमा गर्व लाग्दछ।

सचेत नागरीकको आवद्धता रहेको डिष्ट्रिककै उत्कृष्ट क्लव डल्फिनको लायन वर्ष ०२३/०२४ को नेतृत्व रहदै कार्यकाललाई अर्वाधिक गर्व गर्न लायक बनाएर क्लवको उचाई बढाउन सहयोग गर्नुहुने तमाम क्लवका साथिहरु प्रति हार्दिक आभार तथा कृतज्ञता व्यक्त गर्दछु। लायनवादमा आफ्नो छुट्टै उत्कृष्ट पहिचान बनाइसकेको यस क्लवमा मेरा साथिहरुले म प्रति देखाउनु भएको विश्वास र आशालाई उर्जामा बदल्दै मैले आफ्नो कार्यकालमा शतप्रतिशत दिएर क्लवलाई डिष्ट्रिक मा गर्व गर्न लायक सशक्त क्लवको रुपमा स्थापित गराउनयो कार्यकाल आधार बर्षको रुपमा रह्यो। लायन्स क्लव अफ पोखरा डल्फिनको आजको यो गर्व गर्न लायक अवस्था सम्म ल्याउन नेतृत्व गरिसक्नु भएका संस्थापक अध्यक्ष ला. राम बहादुर बल्कोटी ज्यु लगायत पुर्व अध्यक्ष ज्युहरु क्रमश : ला. गोविन्द बहादुर खड्का, ला. तिलक प्रसाद तिवारी, ला. ऋषी गिरि, लायन उमेश चन्द्र देवकोटा, ला. डासिराम सापकोटा, ला.

कृष्ण कुमार श्रेष्ठ, लायन पदमलाल श्रेष्ठ तथा निवर्तमान अध्यक्ष ला. सन्त बहादुर लामीछाने ज्यु यहाहरुले अविरल नेतृत्व र चिन्तन सगै स्थापित डल्फिनको मान्यतामा आधारित रही यो कार्यकालमा थप उचाई प्राप्त गर्न सफल भयौ ।

लायनवादमा स्थापित चार वटा विधामा सेवा गर्ने क्रममा भाइचारा, नेतृत्व र अवसरको हरेक कोण बाट काम गर्ने क्रममा हामिले गर्विलो अनुभवहरु सम्हालेका छौ यस यात्रामा जस्तोसुकै उतार चढावका बिचमा पनि डल्फिनले आफुलाई समाजमा सेवा कार्य मार्फत आफुलाई  स्थापित गर्न भएका छौ । डिष्ट्रिक्ट बाइफर्मेसिङ्ग पछि नेर्तत्वको हिसाबले अब लायनबादको यो महासागरमा डिष्ट्रिक लाई नै हाक्ने सक्ने गरी हाम्रो क्लवको पुर्व अध्यक्ष लायन ऋषि गिरि ज्युलाई अगाडी सार्दै यो बर्षलार्य हामिले आधार बर्षको रुपमा  स्थापित गरेका छौ ।

मेरो यस बर्षको कार्यकाल यसै क्लवका संस्थापक सदस्य स्व. ला. चित्र बहादुर विश्वकर्माको स्मृतीमा पोखरा १३ मा रहेको भद्रकाली माध्यमिक बिद्यालयमा अध्ययनरत मेहेनेती जेहेन्दार छात्रालाई नगद सहितको स्टेशनरी समाग्री वितरण गरि यो बर्षको कार्यकाल सुरुगर्दै क्ल वले नियमित गर्ने कार्यक्रम वृक्षरोपण, चार्टर नाइट सेलिब्रेशन, पदस्थापना, पिस पोस्टर कार्यक्रम, स्मारिका प्रकाशन, दशै तिहार लगायत पर्वहरुको शुभकामना, बनभोज, होली सेलीब्रेशन, पहिलो जोन बैठक आयोजना, रक्रदान, डि एल एल आईमा भाग लिने गभर्नर क्लव भिजिट ,जोन रिजन क्लव भिजिट कायक्रम ,बिद्यालय सपोर्ट कार्यक्रम ,१२ वटा नियमित तथा बोर्ड बैठक, कार्यकालको पहिलो दिनमै सम्पुर्ण ड्युज भुक्तानी गरेको क्लवको निर्वाचन लगायत डिष्ट्रिकले आयोजना गरेका सम्पुर्ण कार्यक्रमहरुमा सहभागिता जनाउदै यस बर्ष को कार्यकाल सम्पन्न गर्‍यौं ।

यस बर्ष साथीहरुले मेरो कार्यकालमा बर्षभरी पुर्‍याएको योगदानको उच्च कदर गर्दै अध्यक्षद्वारा चार्टर नाइटको अवसरमा विभिन्न विधामा अवार्डद्वारा सम्मानीत गरियो ।क्लवका सम्पुर्ण साथिहरुलाई क्लवको नियमित तथा बोर्ड बैठकमा आउदा अनुशासीत रहनको लागी ड्रेसको रुपमा टि-सर्ट प्रदान गरी सम्मानीत गरियो । यस बर्ष काने लायन LION OF THE YEAR बाट लायन गणेश बहादुर थापा लगायत विभिन्न विधामा १३ जना साथिहरुलाई सम्मानित गरियो । यस कार्यकालमा मैले

अन्तराष्ट्रिय मापदण्ड बमोजिम क्लवमा ५ जना स्थाइ सदस्य गपे भने LIONS CLUB OF POKHARA GLORY पनि खोल्न सफल भयौ । क्लवमा फन्टराईजको लागी गोल्डेन मेम्बर लायन पदमलाल श्रेष्ठ तथा डायमण्ड सदस्य बन्नुभएका लायन गणेश थापा तथा लायन सन्त बहादुर लामिछाने ज्युलाई सम्मान तथा प्रमाण पत्रले हौसला प्रदान गरियो ।

लायन्स क्लव अफ पोखरा डल्फिनको स्वर्णिम कार्यकालको उच्च मुल्याङ्कन गदै क्लवका सम्पुर्ण पुर्व अध्यक्ष हरुलाई डिष्ट्रिकले लायन बर्ष ०२४/०२५ को लागी असाध्यै गर्व गर्न लायक जिम्मेवारी प्रदान गर्नु भएकोमा २०२४/२०२५ को गभर्नर लायन बिनोद ढुङ्गाना प्रती आभार व्यक्त गर्दछु । साथै लायन्स क्लव अफ पोखरा डल्फिनको लायन बर्ष ०२३/०२४ अविस्मरणीय र स्वर्णीम सहयोग बनाउन सहयो प्रदान गर्नुहुने क्लवका सम्पुर्ण साथिहरु र डिष्ट्रिक गभर्नर लायन चन्द्र कुमार के.सी. लगायत सम्पुर्ण लायन लिडर ज्यु प्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । धन्यवाद ।



# ला. व. २०२३/०२४ को सचिवको प्रतिवेदन



**Lion Arjun K. Lamichhane**
Secretary
LY 2023/24

१. हाम्रो क्लवलायन्स क्लवअफपोखरा डल्फिनले जुलाई फस्ट बाट कार्यकाल सुरुवातको दिननै हाम्रो क्लवको संस्थापक सदस्य स्वर्गिय लायन चित्रबहादुर बि.क.को जुलाई १ /२०२० कादिन नै कोभिड १९ का कारण दिवगंत भएकाले वहाको स्मृतिमा स्थापना गरिएको अक्षयकोष रकम पोखरा १३ मा रहेको भद्रकाली मा.वि.कक्षा १०मा अध्ययनरत छात्रा सुजाता बि.क.लाई नगद रु. दशहजार र स्टेशनरी समान उपलब्ध गराएर कार्यकाल सुरु गरियो।

२. जुलाई फस्ट कै दिन दिउसो डिष्ट्रिक कै आयोजनामा आव्हान गरिएको पश्चिमान्चल क्षेत्रिय अस्पताल परिसरमा गरिएको सरसफाइ कार्यक्रममा सहभागिता जनाइयो।

३. क्लवको बोर्ड बैठक र रेगुलर बैठक नियमित रुपमा १२ वटै सम्पन्न गरियो।

४. नयाँ क्लव लायन्स क्लव अफ पोखरा ग्लोरीको स्थापना। नयाँ सदस्य थप तर्फ क्लवमा ५ जना स्थाइ मेम्बर थप।

५. जुलाइ २४ का दिन क्लवको स्थापना दिवस पारि बिहान पोखरा १३ आर्वामा वृक्षारोपण गरियो भने साझ पोखरा पार्टि प्यालेसमा चार्टर नाइट कार्यक्रम सम्पन्न गरियो।

६. प्रथम क्याबिनेट बैठक काठमाडौंमा क्लव बाट सहभागिता जनाईयो।

७. लायन्स क्लव अफ पोखरा ग्लोरी को लागी २ पटक वरेन्टेशन प्रोग्राम सम्पन्न गरियो।

८. पदस्थापना कार्यक्रम सम्पन्न।

९. जोन टु क्लव भिजिट कार्यक्रम सम्पन्न गरियो।

१०. NLF मा ११ जनाको कन्ट्रीबयुसन गरियो ।

११. १५ सेप्टेम्बर २०२३ का दिनपोखरा १६ मा रहेको जनता आधारभुत विद्यालयमा अध्ययनरत भाइबहिनिहरुको लागि ट्र्याक सुट टिसर्ट तथा स्टेशनरी वितरण गर्ने कार्यक्रम  डिष्ट्रिक गभर्नर ज्युको प्रमुख आतिथ्यतामा सम्पन्न गरियो ।

१२. २७ सेप्टेम्बर २०२३ का दिन रिजन टु क्लव भिजिट कार्यक्रम सम्पन्न ।

१३. ३० सेप्टेम्बर २०२३ का दिन पोखरा १ स्थित विन्धेश्वरी बोर्डिङ्ग स्कुलमा पिस पोस्टर कार्यक्रम सम्पन्न ।

१४. पोखरामा सम्पन्न दोस्रो क्याविनेट बैठकमा सहभागिता ।

१५. पोखरा १४ बाच्छेबुडुवामा रहेको वृद्दाश्रममा खाध्यान्न वितरण कार्यक्रम सम्पन्न गरियो ।

१५. विजयादशमी दिपावली छठ तथा इस्वी संवतको अवसरमा शुभकामना आदाप्रदान कार्यक्रम सम्पन्न गरियो ।

१६. वनभोज कार्यक्रम सम्पन्न ।

१७. लमजुङ्ग मा सम्पन्न तेस्रो क्याविनेट बैठकमा उपस्थिति ।

१८. गोर्खामा मृगौला पिडित सन्दीप श्रेष्ठ लाई रु ४०,०००/- रुपैया सहयोग

१९. गोरखा पालुङ्गटारको विद्यालयमा पढाउ अभियान अन्तगर्त ३ जना भाइ बहिर्नीनिहरुको लागी अक्षयकोष बाट प्राप्त रकम र स्टेशनरी समान हस्तान्तरण

२०. क्लवमा नव आगन्तुक साथिहरुलाई स्वागत तथा सम्मान गरि क्लवको  बारेमा जानकारी दिने कार्य सम्पन्न गरियो ।

२१. रक्तदान कार्यक्रम सम्पन्न गरियो ।

२२. ११ फेब्रुअरी २०२४ का दिन DG to Club Visit Program र लायन्स क्लब अफ पोखरा डल्फिनद्वारा स्पोन्सर गरिएको क्लब लायन्स क्लब अफ पोखरा ग्लोरीलाई चार्टर हस्तान्तरण कार्यक्रम सम्पन्न गरियो ।

२३. क्लवको निर्वाचन भव्य र सभ्य रुपमा फेलोसिप सहित सम्पन्न ।

२४. डि एल एल आइ मध्ये ११ क्लवका अध्यक्ष हरुको सहयोग मा तनहु शुक्ला गण्डकी १ मा रहेको बिध्यार्थि लाई न्यानो कपडा तथा चापाकोट न.पा स्याङ्गजा १ मा आगजनि बाट पिडितको लागी खाध्यान्न तथा कपडा वितरण ।

२५. फुटसल मा सहभागिता
२६. चौथो क्याबिनेट तथा कन्भेन्सनमा हाम्रो क्लव बाट उल्लेखनिय सहभागिता।

यस बर्ष विशेष गरि क्लवका साथिहरु बिच भाइचारा बढाउने तथा आपसमा हुलमेल हुने गरी १२ वटै बोर्ड र रेगुलर बैठक लाई फेलोसिप को रुपमा बैठक बसि हरेक बैठकमा क्लवको साथिहरुको उलेखानिय उपस्थिति गराई बैठक सम्पन्न गरियो।


# VINDHYASWORI
## ADARSHA BOARDING SCHOOL

Mohariyatole, Pokhara-1, Kaski
061-571469, 98560-25121
vindhyasworiboarding@gmail.com
www.vindhyasworischool.edu.np

**Salient Features**

- Homely and peaceful academic environment.
- Well equipped science lab, computer lab and e-library.
- Dedicated and professional teaching faculties.
- Regular field visit and internal assessments.
- Cozy and students friendly classroom.
- CCA with sports, music, dance, arts, yoga, Abacus and taekwondo.
- Outstanding result in SEE and BLE.
- Transportation services within Pokhara valley.
- Focus on holistic development.
- CPS and CPRS for Pre-primary kids.

***Our motto: "Quality Education, Discipline & Wisdom."***

Principal - Krishna K. Shrestha - 98560-25121

# ला. व. २०२३/०२४ को कोषाध्यक्षको आय-व्याय विवरण



**Lion Ganesh Bdr. Thapa**
Treasurer
LY 2023/24

लायन्स क्लव अन्तराष्ट्रिय डिष्ट्रीक्ट ३२५ आई नेपाल अन्तर्गत स्थापित क्लव लायन्स क्लव अफ पोखरा डल्फिनको २०१४ July २४ मा स्थापना भएसंगै दशौं वर्षको कार्यकालमा मलाई अध्यक्ष ज्यू तथा सत प्रतिशत साथीहरुले विश्वास गर्दै क्लवको कोषाध्यक्ष जस्तो महत्वपूर्ण जिम्मेवारी प्रदान गरिएकोमा सवै साथीहरु प्रति हार्दिक आभार ब्यक्त गर्दछु।

डल्फिनको लायन वर्ष २०२३/०२४ मा सम्पन्न भएका विभिन्न गतिविधिहरु सहित क्लवको आय ब्याय विवरण यस प्रकार छ।

| वासलात | | |
|---|---|---|
| **क्र.सं.** | **विवरण** | **रकम** |
| १. | सिद्धार्थ बैंक (सन्त बहादुर लामिछाने, खिमलाल बराली, सुरेन्द्र बराल) | २६,७०,२५६/– |
| २. | एन.एम.बि. बैंक | ५,५००/– |
| ३. | पानस सेभिङ (ऋषि गिरी/रेवती भण्डारी/डाँसीराम सापकोटा) | ९,२३६/– |
| ४. | अमरदिप सेभिङ (डाँसिराम सापकोटा, सुरेन्द्र बराल, सन्त बहादुर लामिछाने) | ६,०४,७७०/– |
| ५. | डिष्ट्रिक्ट खाता (पढाउँ अभियान) | २,७१,१११/– |
| ६. | लायन्स अर्न्तराष्ट्रिय खाता | ४,६८०/– |
| | **जम्मा** | ३५,६५,५५३/– |

| सि.नं. | विवरण | | व्यय |
|---|---|---|---|
| | डायमण्ड सदस्य<br>गणेश बहादुर थापा - १,०६,३१५/-<br>सन्त बहादुर लामिछाने - ५५,०००/- | | |
| १. | स्वर्ण सदस्य<br>पदम लाल श्रेष्ठ - ५५,०००/- | | |
| २. | स्थायी सदस्य<br>दुधराज तिवारी - ५०,०००/-<br>मिलन सुनार - ५०,०००/- | | |
| ३. | नयाँ सदस्य<br>शिव गोशाली - १,००,०००/- (बैंक)<br>नथुनी साह - ५०,०००/-<br>योगेन्द्र राज भण्डारी -७५,०००/-<br>शिवराज रेग्मी - २९,०००/- (बैंक)<br>ओम प्रकाश शर्मा -१,००,०००/-(बैंक) | | |
| ४. | स्मारिका तथा अन्य छपाई | | ५५,००० |
| ५. | छात्रवृत्ति पिङ्ग चिप्लेटी वितरण | | १,४२,१५० |
| ६. | डिष्ट्रिक्ट, इन्टरनेशनल ड्यूज (जुलाई १) | | १,०६,३१५ |
| ७. | पहिलो बैठक | | २५,००० |
| ८. | चार्टर नाइट तथा अवार्ड सेरोमनी | | १,०२,०१० |
| ९. | पदस्थापन कार्यक्रम | | ३७,५०० |
| १०. | मृर्गौला पिडित सहयोग | | ४०,३६६ |
| १०. | पहिलो क्याबिनेट बैठक | | १२,००० |
| ११. | वृक्षारोपण | | २०,६५० |
| १२. | दोश्रो बैठक | | २१,००० |
| १३. | दोस्रो क्याबिनेट बैठक | | २५,५०० |
| १४. | सचेतना कार्यक्रम | | १०,००० |

| | | | |
|---|---|---|---|
| १. | पहिलो जोन बैठक | | १२,००० |
| १६. | पिस पोष्टर | | १६,५०० |
| १७. | वनभोज | | ९२,००० |
| १८. | फुटसल प्रतियोगिता | | ८,००० |
| १९. | तेस्रो क्याबिनेट बैठक, लमजुङ | | ७,५०० |
| २०. | इन्टरनेशनल ड्युज (जनवरी १) | | ९१,३२५ |
| २१. | गभर्नर्स क्लव भिजिट | | २२,५०० |
| २२. | क्लव निर्वाचन | | ९६,४०० |
| २३. | चौंथो क्याबिनेट बैठक | | ७,५०० |
| २४. | गङ्ग/ग्याबेल प्रदान (पोखरा ग्लोरी) | | ३,५०० |
| २५. | जाजरकोट भुकम्पमा सहयोग | | २०,००० |
| २६ | वृद्धाश्रममा सहयोग | | ६०,००० |
| २७ | रेगुलर तथा बोर्ड बैठक | | ५,४०० |
| २८ | रक्तदान कार्यक्रम | | २०,००० |
| २९ | आगलागी पिडित सहयोग | | १०,००० |
| ३० | माइन्युट हस्तान्तरण कार्यक्रम | | २६,५०० |
| ३१ | फुलमाला बुकी | | ८,००० |
| ३२ | एन एल एफ सहयोग | | ८६,१०० |
| ३३ | अन्य | | ३,४०० |
| | जम्मा | | ११,९४,११६/- |

क्लवको जम्मा मौज्दातः २,२२,६८५/-

ला. रेवती भण्डारी
अध्यक्ष

ला. गणेश थापा
कोषाध्यक्ष

# ला. व. २०२४/०२५ को अध्यक्षको वार्षिक कार्ययोजना



**Lion Govinda Bdr. Khadka**
President
LY 2024/25

विश्वकै सबैभन्दा धेरै मानिसहरुको आबद्धता रहेको सामाजिक संस्था, लायन्स क्लव अन्तराष्ट्रीयको एक सदस्य हुन पाउदा आफुलाई गौरवान्वित महसुस गरेको छु । झन यो संस्था डिष्ट्रीक्ट ३२५ आई नेपाल अन्तर्गतको लायन्स क्लब अफ पोखरा डल्फिनको संस्थापक सदस्य हुन पाउदा आफुलाई असाध्यै भाग्यशाली ठान्दछु । भाग्यशालि यो अर्थमा ठान्दछु कि मेरो क्लबमा सदस्य संख्या सिमित भएतापनि सहयोगि मनहरु भने अनगिन्ति छन । क्लबमा जब कुनै सेवा कार्य गर्ने योजना बन्छ तब कार्यसम्पादन गर्न साथिहरुबिच तछाडमछाड हुने गर्दछ, कार्यक्रमलाइ कसरि प्रभावकारि र उत्कृष्ट बनाउने भन्नेमा नेतृत्वलाइ निरन्तर सहयोग जारी रहन्छ । त्यसैगरि जब फेलोशिपको कार्यक्रम तर्जुमा हुन्छ, अनि गाउने, नाच्ने तथा माहोललाइ रमाइलो बनाउने साथिहरुको कमि यो क्लबमा कहिल्यै खड्किदै न । त्यसैले त मलाइ डल्फिनको एक सदस्य हुनुमा गर्व छ । आज म यस्ता सचेत मानिसहरुको आबद्धता रहेको उत्कृष्ट क्लब डल्फिनको नेतृत्वमा रहदै गर्दा यो अवसर प्रदान गर्न १००% एस मतका साथ विस्वास गर्नुहुने मेरो क्लबका होनाहार आदरणीय लायन व्यक्तित्वहरु प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । लायनवादमा आफ्नो छुट्टै उत्कृष्ट पहिचान बनाइसकेको यस क्लबको मेरा साथिहरुले म प्रति देखाउनुभएको विस्वास र आशालाइ उर्जामा बदल्दै मैले शत प्रतिशत समय दिएर क्लबलाई अझ उत्कृष्ट र सफल बनाउने प्रण गर्दछु, र यो मेरो प्रतिबद्धता हो । लायन्स क्लब अफ पोखरा डल्फिन लाइ आजको यो गर्व गर्नलायक अवस्थासम्म ल्याउन नेतृत्व गरिसक्नुभएका आदरणिय संस्थापक अध्यक्ष ला. राम बहादुर बलकोटि ज्यु लगायत पुर्व अध्यक्ष ज्युहरु क्रमश ला. गोविन्द बहादुर शाहि ज्यु, ला. तिलक

प्रसाद तिवारि ज्यु, ला. ऋषि गिरि ज्यु, ला. उमेशचन्द्र देवकोटा ज्यु, ला. डासिराम सापकोटा ज्यु, ला. कृष्ण कुमार श्रेष्ठ ज्यु, ला. पदमलाल श्रेष्ठ ज्यू, ला. सन्त बहादुर लामिछाने ज्यु तथा निवर्तमान अध्यक्ष रेवती भण्डारी ज्यू, यहांहरुको योगदान प्रति हामि क्लब परिवार सदैव गर्व गर्दछौं र नेतृत्वको हैसियतले म यस अवसरमा धन्यवाद दिन चाहन्छु। साथै हाम्रो क्लबका यि सबै पुर्व अध्यक्ष ज्युहरु हालको डिष्ट्रीक्ट क्याबिनेटमा अति महत्वपुर्ण विभिन्न जिम्मेवारिमा क्रियाशिल हुनुहुन्छ, यो विस्वास सहितको अवसरको लागि आदरणिय डिष्ट्रीक्ट गभर्नर ला. विनोद ढुङ्गाना ज्युप्रति हाम्रो क्लब परिवार हार्दिक धन्यवाद दिन चाहन्छ।

लायनवादको चार वटा क्षेत्रहरु सेवा, भाइचारा, नेतृत्व र अवसरको हरेक कोणबाट काम गर्ने क्रममा हामिले गर्विलो अनुभवहरु सङ्गालेका छौं। यस यात्रामा जस्तोसुकै उतारचढावका बिचमा पनि डल्फिनले आफुलाइ समाजमा सेवा कार्य मार्फत आफुलाइ स्थापित गर्न सफल भएको छ।

हामिले लायन वर्ष २०२४/२५ को कार्यकाल सुरु गर्दै गर्दा स्व. ला. चित्र बहादुर बि.क.को स्मृतिमा जेहेन्दार विद्यार्थीलाई नगद सहितको शैक्षिक सामग्री वितरण गरि सुरु गरेका छौं भने सुरुवातकै दिन लायन्स अन्तराष्ट्रीय र डिष्ट्रीक्टलाई बुझाउनुपर्ने सबै शुल्क पनि भुक्तानी गरिसकेका छौं। डिष्ट्रिक्टले आयोजना गरेको वृहत रक्तदान कार्यक्रममा सहभागी भयौं। कार्यकाल सुरुवात भएको आज सम्म एक महिना पुग्न लाग्दा हामीले पहिलो बोर्ड र नियमित बैठक सम्पन्न गरेका छौं। प्री जोन बैठकमा सहभागिता सहित कार्ययोजना प्रस्तुत गरेका छौं। त्यसैगरि क्लबको चार्टर नाइट सेलेब्रेशन एवं २०२३/०२४ को अवार्ड सेरोमोनी, वृक्षारोपण लगायत का कार्यक्रमहरु पनि सम्पन्न गरिसकेका छौं। पिभिएसटि स्कुलिङ मा प्रतिबद्धता जनाए अनुरुप एउटा क्लब लायन्स क्लब अफ पोखरा ड्रिमल्याण्ड को चार्टर प्राप्त भइसकेको छ भने हालै डिष्ट्रिकबाट आयोजना गरिएको DLLI गोर्खामा सहभागी समेत जनाइसकेको छ। यो सङ्गै अबको करिब आगामि ११ महिना हामिले गर्ने कार्ययोजनाको विवरण यस प्रकार रहेका छनः

क. सेवा कार्यः

१. स्कुल सपोर्ट कार्यक्रम
२. वृक्षारोपण कार्यक्रम सम्पन्न गरिसकेका छौं ।
३. बृहत स्वास्थ्य शिविर
४. रक्तदान कार्यक्रम
५. मधुमेह सचेतना कार्यक्रम
६. आंखा जांच कार्यक्रम
७. प्रकोप पिडित लाइ सहयोग
८. वृद्धा श्रम मा सहयोग

ख. भाइचारा कार्यः
१. बोर्ड र नियमित बैठक कम्तिमा १२/१२ वटा
२. तिज फेलोशिप / नारि सम्मान कार्यक्रम
३. दशै तिहार को शुभकामना आदनप्रदान कार्यक्रम
४. रमाइलो बनभोज कार्यक्रम
५. गभर्नर्स क्लब भिजिट
६. खेलकुदका कार्यक्रम
७. डिष्ट्रीक्टको सबै कार्यक्रममा सहभागिता
८. सिग्नेचर प्रोग्राम अर्न्तगत डिष्ट्रिक्टवाइज क्वीज कन्टेष्ट प्रोग्राम गर्ने

ग. नेतृत्व/ व्यक्तित्व विकास
१. पिस पोस्टर कार्यक्रम
२. नेतृत्व विकासको तालिम
३. क्लवमा नयाँ सदस्य थपको लागि पहल गरिनेछ ।

यी लगायत डिष्ट्रीक्ट बिल्डिङमा सहयोग, एन एल एफ को सदस्य बन्ने र क्याम्पियन हन्ड्रेड मा समेत सहभागिता रहनेछ र चार वटै जोन बैठक, चार वटै क्याबिनेट बैठक र अन्य सबै आवश्यक डिष्ट्रिकका गतिविधिहरुमा क्लबको सक्रिय सहभागिता रहने छ साथै क्लबलाई स्थायी, बलियो र सक्रिय बनाउन आर्थिक रुपमा पनि असाध्यै पारदर्शिता र मितव्ययिता अपनाइने छ। लायन्स अन्तराष्ट्रिय फाउण्डेशनमा MJF प्रदान म स्वयंले गरिसकेको छु भने साथीहरुबाट पनि थप गर्नका लागि पहल गर्दछु।



# लायन्स क्लव अफ पोखरा डल्फिनका हालसम्मका स्वर्ण तथा स्थायी सदस्यहरुको विवरणः

| सि.नं. | नाम | सदस्यका प्रकार | सदस्यता प्राप्त वर्ष |
|---|---|---|---|
| १. | **गणेश बहादुर थापा** | **डायमण्ड सदस्य** | २०२४/०२५ |
| २. | **क्या. सन्त बहादुर लामिछाने** | **डायमण्ड सदस्य** | २०२४/०२५ |
| ३. | **गोबिन्द बहादुर खड्का** | **डायमण्ड सदस्य** | २०२४/०२५ |
| ४. | ऋषि गिरी | स्वर्ण सदस्य | २०१८/०१९ |
| ५. | सुरज शाह ठकुरी | स्वर्ण सदस्य | २०१९/०२० |
| ६ | खिमलाल बराली | स्वर्ण सदस्य | २०२२/०२३ |
| ७. | सुरेन्द्र बराल | स्वर्ण सदस्य | २०२२/०२३ |
| ८. | राम कुमार श्रेष्ठ | स्वर्ण सदस्य | २०२२/०२३ |
| ९. | अर्जुन कुमार लामिछाने | स्वर्ण सदस्य | २०२२/०२३ |
| १०. | पदम लाल श्रेष्ठ | स्वर्ण सदस्य | २०२३/०२४ |
| ११. | डाँसीराम सापकोटा | स्थायी सदस्य | २०२३/०२४ |
| १२. | विष्णु बहादुर खत्री | स्थायी सदस्य | २०२०/०२१ |
| १३. | गोविन्द बहादुर शाही | स्थायी सदस्य | २०२०/०२१ |
| १४. | विरेन्द्र सि.के. | स्थायी सदस्य | २०२०/०२१ |
| १५. | यादब कुमार श्रेष्ठ | स्थायी सदस्य | २०२०/०२१ |
| १६. | उमेश चन्द्र देवकोटा | स्थायी सदस्य | २०२०/०२१ |
| १७. | विनोद थापा | स्थायी सदस्य | २०२०/०२१ |
| १८. | कृष्ण कुमार श्रेष्ठ | स्थायी सदस्य | २०२०/०२१ |
| १९. | शेर बहादुर राना | स्थायी सदस्य | २०२०/०२१ |
| २०. | तिल बहादुर गुरुङ | स्थायी सदस्य | २०२०/०२१ |
| २१. | तिलक प्रसाद तिवारी | स्थायी सदस्य | २०२०/०२१ |
| २२. | दुर्गा बहादुर थापा | स्थायी सदस्य | २०२०/०२१ |
| २३. | गोविन्द बहादुर दवाडी | स्थायी सदस्य | २०२०/०२१ |

| | | | |
|---|---|---|---|
| २४. | रेवती भण्डारी | स्थायी सदस्य | २०२०/०२१ |
| २५. | बामदेव पौडेल | स्थायी सदस्य | २०२१/०२२ |
| २६. | मिलन बाबु सुनार | स्थायी सदस्य | २०२२/०२३ |
| २७. | दुधराज तिवारी | स्थायी सदस्य | २०२२/०२३ |
| २८. | ई. शिवनारायण गोशली | स्थायी सदस्य | २०२२/०२३ |
| २९. | नथुनि शाह | स्थायी सदस्य | २०२२/०२३ |
| ३०. | योगेन्द्र राज भण्डारी | स्थायी सदस्य | २०२३/०२४ |
| ३१. | ओम प्रकास शर्मा | स्थायी सदस्य | २०२३/०२४ |
| ३२. | राम बहादुर बल्कोटी | नियमीत सदस्य | |
| ३३. | ठाकुर प्रसाद पन्थ | नियमीत सदस्य | |
| ३४. | रविन विश्वकर्मा | नियमीत सदस्य | |
| ३५. | डा. मुकेश मल्लीक | नियमीत सदस्य | |
| ३६. | अधिवक्ता.शिव रेग्मी | नियमीत सदस्य | |

# लायन्स क्लब र यसको सदस्यता सम्बन्धी प्रावधान



**MJF** लायन धन राज आचार्य
**PDG/Lions Magazine**
**Multiple Chief Editor**

लायन्स क्लब अन्तराष्ट्रिय आफ्नो स्थापना कालमै स्पष्ट दृष्टिकोण लिएर अगाडि बढेको सामाजिक संस्था हो । संसारको जुनसुकै कुनामा जन्मिएको, जुनसुकै जात, धर्म, वर्ण, लिंग तथा राजनीतिक आस्था राख्ने व्यक्ति भए पनि ती सबैमा समान भाइचाराको सम्बन्ध राख्नु यसको मूल सिद्धान्त हो। त्यसैले यस संस्थामा जात, धर्म, वर्ण, लिंग र राजनीतिका आधारमा कसैलाई पनि भेदभाव गरिनु हुँदैन र यिनलाई लिएर क्लबमा बहस, छलफल गर्न तथा पक्ष विपक्षमा हुन पाइँदैन। विशुद्ध सेवामा समर्पित संसारकै सर्वोकृष्ट यस सामाजिक संस्थामा प्रवेश गर्नका लागि यसको विधिवत सदस्य बन्नु आवश्यक छ। संसारका जुनसुकै संघसंस्थाहरुको सदस्य बन्नको लागि विभन्न मापदण्ड बनाएका हुन्छन्। लायन्स क्लबका सदस्यका प्रकार र सदस्य बन्नको लागि अपनाउनु पर्ने मापदण्डहरु यसप्रकार छन् -

(अ) सदस्यका प्रकारहरु (Types of Membership)

झट्ट सुन्दा लायन्स क्लबमा एकै प्रकारका सदस्य मात्र रहेको महसुस हुन्छ तर लायन्स क्लबले आफ्ना सदस्यहरुलाई ७ भागमा विभाजन गरेको छ। सदस्यका प्रकारहरु निम्नानुसार रहेका छन्।

(क) सक्रिय सदस्य (Active Member)

सामान्यतया लायन्स क्लबमा नियमित रुपमा काम गरिरहेका सदस्यहरुलाई सक्रिय सदस्यको रुपमा लिइन्छ। सक्रिय सदस्यता प्राप्त गर्ने केही विधिहरु छन्। लायन्स क्लबको सदस्यता निवेदन दिएर पाइँदैन । सदस्य बन्नका लागि आफ्नो समुदायको असल व्यक्ति हो भन्ने कुनै लायन्स क्लब वा लायन सदस्यलाई लागेमा तथा समाजलाई उसको सेवा र सहयोगको जरुरत छ भन्ने ठानेमा उसलाई सदस्य बन्नका लागि निमन्त्रणा गरिन्छ। तर उसले संस्थाको सबै मापदण्ड पूरा गर्नुपर्दछ। सक्रिय सदस्य ठहरिन कार्यक्रम तथा मिटिङमा भाग लिने, वार्षिक शुल्क बुझाउने, समूहमा काम गर्ने आदि मापदण्ड पूरा गर्नु आवश्यक हुन्छ । यस्ता सक्रिय सदस्यहरुले सबै खाले मताधिकार तथा अन्य अधिकारहरु प्राप्त गर्दछन् ।

सक्रिय सदस्यहरु पनि ५ प्रकारका हुन्छन् तर अधिकार र स्वरुप भने सबैको बराबर र उस्तै हुन्छ।

(१) संस्थापक सदस्य (Charter Member)

नयाँ क्लब स्थापना गर्दाका बखतका नयाँ सदस्यहरुलाई संस्थापक सदस्य र अध्यक्षलाई संस्थापक अध्यक्ष (Charter President) भनिन्छ । नयाँ क्लब खोलेको ९० दिनभित्र सदस्य भएका व्यक्तिहरुलाई संस्थापक सदस्यको रुपमा गणना गरिन्छ। क्लब स्थापनाको ९० दिनपछि थपिने सदस्य संस्थापक सदस्य बन्न पाउँदैनन् । संस्थापक सदस्यहरु प्रवेश शुल्क एकपटक र वार्षिक शुल्क हरेक वर्ष बुझाई सदस्यता नवीकरण गरिरहनु पर्दछ।

(२) नियमित सदस्य (Regular Member)
पुरानो तथा स्थापित क्लबमा विचतिर थपिन आउने सदस्यलाई नियमित सदस्य भनिन्छ । यसप्रकारको सदस्यहरुलाई बोलीचालीको भाषामा लायन्स सदस्य भनेर बुझिन्छ । यसरी थपिने सदस्यले प्रवेश शुल्क एकपटक र वार्षिक शुल्क हरेक वर्ष बुझाउनु पर्दछ ।
(३) पारिवारिक सदस्य (Family Membership)
परिवारको कुनै सदस्य लायन्स क्लबको सदस्य भएको भए सोही परिवारमा बसोबास गर्ने र सोही क्लबको सदस्य भएमा मेम्बरसिप की नम्बर (Membership Key Number) प्राप्त गर्न अन्तर र्राष्टियमा अनुरोध गरेपछि एउटा कोड नं. प्राप्त हुन्छ । तत्पश्चात् बढीमा ५ जनासम्म पारिवारिक सदस्य बन्न सक्दछन् । यस्ता सदस्यलाई मुख्य सदस्य बाहेकको हकमा वार्षिक शुल्कको ५० प्रतिशत मात्र शुल्क लाग्दछ तर प्रवेश शुलक भने सबै जनाले तिर्नुपर्छ । यस प्रकारका पारिवारिक सदस्यको मूल सदस्यले कुनै कारणवश क्लब छाडेमा उनीसँग जोडिएका सदस्यहरुले सो सुविधा पाउँदैनन् र उनीहरुले नियमित सदस्यसरह नै शुल्क बुझाई आफ्नो पूर्व अवस्था कायम गराउनु पर्दछ ।
(४) विद्यार्थी सदस्यता (Student Membership)
कुनै शिक्षण संस्थामा अध्ययन गरिरहेको र ३० वर्ष उमेर नपुगेको कुनै व्यक्ति विद्यार्थी सदस्य बन्न पाउँछ । यस्तो सदस्यले पनि वार्षिक शुल्कमा ५० प्रतिशत छुट पाउँछ । क्याम्पस क्लबमा त यो सुविधा छ नै अन्य क्लबमा पनि यो सुविधा लिन सकिन्छ ।
(५) लियोबाट लायन सदस्यता (Leo to Lion Membership)
लियो क्लबबाट लायन्स क्लबको सदस्य बन्न आउने सदस्यहरु यसमा पर्दछन् । यसरी लायन्स बन्ने सदस्यलाई पनि प्रवेश शुल्क र वार्षिक शुल्कमा ५० प्रतिशत छुट दिइएको हुन्छ तर उमेर ३० वर्ष पुगेपछि भने यो सुविधा प्राप्त हुँदैन ।
यी माथिका ५ वटै तरिकाबाट सदस्य भएका सबै लयन सदस्यहरुले सबै कार्यक्रममा भाग लिने, चुन्ने र चुनिने अधिकार प्राप्त गर्दछन् ।
(ख) मेम्बर एट लार्ज (Member-at-Large)
कुनै लायन्स सदस्य आफू सदस्य बनेको समुदाय वा स्थापबाट काम विशेषले टाढा गएको छ, इच्छा हुँदाहुँदै पनि क्लबमा सक्रिय भएर सेवा गर्नृ सक्दैन, क्लबको बैठक तथा कार्यक्रमहरुमा उपस्थित हुन सक्दैन भने त्यस्ता सदस्यहरुलाई मेम्बर एक लार्जको रुपमा राखिन्छ । यस्ता सदस्यहरु कुनै पनि जिम्मेवारीसहितको पदमा रहन पाउँदैनन् । साथै महाधिवेशनमा मत हाल्ने अधिकार पनि प्राप्त गर्दैनन् । तर, नियमित रुपमा वार्षिक शुल्क भने तिर्नुपर्दछ अर्थात् सदस्यता नवीकरण गरिरहनु पर्दछ ।
(ग) मानार्थ सदस्य (Honorary Member)
अन्य कुनै संस्थामा आबद्ध अथवा अर्को लायन्स क्लबको सदस्य बनेको व्यक्तिले समाजमा राम्रो काम गरेर छुट्टै पहिचान बनाउन सफल भएको छ भने त्यस्तो व्यक्तिलाई लायन्स क्लब अन्तर्राष्ट्रियले मानार्थ सदस्यता प्रदान गर्न सक्छ । मानार्थ सदस्यता दिनु ठूलो सम्मान हो । मानार्थ सदस्यको सदस्यता, वार्षिक तथा नवीकरण शुल्क सबै सम्बन्धित क्लबले नै बेहोर्छ । मानार्थ सदस्यले सक्रिय सदस्यले पाउने सबै अधिकार प्राप्त गर्दैनन् ।
(घ) आरक्षित सदस्य (Privileged Member)

कुनै पनि लायन्स सदस्यले १५ वर्ष वा त्योभन्दा बढी सेवा गरिसकेको अवस्थामा शारीरिक अस्वस्थता, वृद्धत्व तथा अन्य विशेष कारणले लायन्समा सेवालाई निरन्तरता दिन नसके त्यस्ता सदस्यलाई आरक्षित सदस्यको रुपमा राखिन्छ। आरक्षित सदस्यहरुले मताधिकार प्राप्त गर्दछन् तर कुनै पनि जिम्मेवारीको पदमा बस्न भने पाउँदैनन्। सदस्यता शुल्क भने अरुसरह नै तिर्नुपर्दछ।

(ङ) सम्मिलित सदस्य (Associate Member)

कुनै पनि लायन्स सदस्य काम विशेषले आफ्नो समुदाय वा आफ्नो क्लब भएको स्थानबाट बाहिर छ र आफ्नो क्लबमा सक्रिय रहन पाउँदैन भने उसले आफू बसिरहेको ठाउँको क्लबबाट सामाजिक सेवामा सहभागी हुन पाउँछ। यस्ता सदस्यहरुले क्लबभित्र नै हुने कार्यक्रमहरुमा सहभागी हुने तथा भोग गर्ने अधिकार प्राप्त गर्छन् तर डिस्ट्रिक्ट, मल्टिपल डिष्ट्रिक्ट तथा अन्तराष्ट्रिय महाधिवेशनहरुमा भने प्रतिनिधित्व गर्न पाउँदैनन्। साथै, क्लबभित्र पनि कुनै जिम्मेवारी युक्त पदमा रहन पनि पाउँदैनन्। यस्ता सदस्यहरुलाई सम्मिलित सदस्य (Associate member) भनिन्छ। स्थानीय शुल्क पायक पर्ने क्लबमा बुझाए पनि राष्ट्रिय र अन्तर्राष्ट्रिय शुल्क पुरानै क्लब बाट बुझाउनुपर्छ। यस्ता सदस्यको मासिक सदस्यता विवरण भने पुरानै क्लबबाट नै अद्यावधिक गर्नुपर्छ।

(च) आवद्ध सदस्य (Affiliate Member)

कुनै सदस्य क्लबका कार्यक्रमहरुमा पूर्ण रुपमा सहभागी हुन असमर्थ हुन्छ तर क्लब तथा क्लबका कार्यक्रमहरुलाई सहयोग गर्न चाहन्छ अर्थात् सामाजिक सेवाका कार्यक्रमहरुमा सहभागी हुन चाहन्छ भने त्यस्तो सदस्यलाई आवद्ध सदस्य (Affiliate Member) का रुपमा राखिन्छ। यस्ता सदस्यहरुले नियमित रुपमा सदस्यता शुल्क बुझाउनु पर्दछ। क्लबभित्र हुने सबै मताधिकार प्राप्त गर्दछन् तर डिष्ट्रिक, मल्टिपल डिस्ट्रिक तथा अन्तर्राष्ट्रिय महाधिवेशनहरुमा भने प्रतिनिधित्वले गर्न पाउँदैनन्। साथै क्लबभित्र पनि कुनै जिम्मेवारीयुक्त पदमा रहन सक्दैनन्। यस्तो सदस्य कुल सदस्य संख्याको २५% भन्दा बढी बनाउन पाइँदैन।

(छ) आजीवन सदस्य (Life Member)

कुनै स्थापित क्लबमा २० वर्ष सक्रिय सेवा गरेको वा १५ वर्ष सेवा गरेको र ७० वर्ष उमेर पूरा भएको एवं नियमित सदस्य हुँदाहुँदै निको नहुने गरी लामो समयसम्म बिरामी भएको प्रमाणित गर्ने कागजात पेस गरी आजीवन सदस्यता वापत् एक मुष्ठ ६५० अमेरिकी डलर बुझाएर कुनै सदस्य आजीवन सदस्य बन्न पाउँछन्। यस्ता सदस्यले आजीवन वार्षिक शुल्क तिर्नु पर्दैन तर माथिका ३ वटा अवस्था भने प्रमाणित हुनुपर्छ। यस बाहेक आजीवन सदस्यको कुनै व्यवस्था गरिएको छैन। वार्षिक सदस्यता शुल्क भुक्तानीको प्रक्रियाबाहेक सक्रिय सदस्यले पाउने सम्पूर्ण अधिकार आजीवन सदस्यमा पनि अन्तर्निहित हुन्छ। स्थानीय र राष्ट्रिय शुल्कको हकमा तत्तत् स्तरका वोर्ड बैटकबाट निर्णय भए बमोजिम हुने गर्छ।

सदस्य हुनको लागि एलसिआइले तोकेको मापदण्ड पूरा गरी एलसिआइबाट उपलब्ध फारम भरेर डिस्ट्रिक्ट मार्फत् लायन्स क्लब अन्तराष्ट्रियको प्रधान कार्यालयमा पठाउनु पर्दछ। लायन्स क्लब अन्तर्राष्ट्रियमा मानार्थ र सम्मिलित सदस्य बाहेक अरु कुनै सदस्य बाहेक अरु कुनै सदस्य दुई वटा क्लबको सदस्य हुन पाउँदैनन्।

(छ) नयाँ सदस्य थप्ने प्रक्रिया (Process to Add New Member)

सदस्य थप्नका लागि कुनै पनि क्लबले आफ्नो क्लबमा ३ सदस्यीय सदस्यता समिति गठन गर्न सक्छ । उक्त सदस्यता समितिमा अध्यक्ष, उपाध्यक्ष र एक जना सदस्य रहनेछन् । एक वर्ष पूरा भएपछि उक्त समितिका अध्यक्ष हट्छन् । दोश्रो वर्षमा उपाध्यक्ष अध्यक्ष भई सदस्यले उपाध्यक्षको पदभार ग्रहण गर्छ । एकजना नयाँ सदस्य थपिन्छ । यो प्रक्रिया निरन्तर चलिरहन्छन् ।
पहिलो वर्षको अध्यक्षले १ वर्षमात्र, उपाध्यक्षले २ वर्ष, सदस्यले ३ वर्ष कार्यभार सम्हाने अवसर प्राप्त गर्दछन् । एउटै व्यक्तिले विभिन्न पदमा रहेर काम गर्दा कार्यशैलीमा निपूर्णता आउँछ । यसरी चुनिने पदाधिकारीहरु बढी जनसम्पर्क भएको र निरन्तर रुपमा क्लबमा सेवा गर्न अनुकूलता भएको व्यक्ति हुनुपर्छ । यस प्रकारको समितिबाट सिफारिस भई आएको व्यक्ति क्लबको पूर्ण बैठकमा सिफारिस सहित पेस गरेपछि बैठकले सर्वसम्मत रुपमा स्वीकार गरेमा मात्र क्लबमा नयाँ सदस्य बन्न पाउँछ । सर्वस्वीकार्य नभएसम्म सो प्रस्ताव स्थगित रहेको बुझ्नुपर्छ ।
वर्तमान सदस्यता (Current Membership)
जुलाई ३०, २०१६ सम्ममा लायन्स क्लब अन्तर्राष्ट्रियको कुल सदस्य सङ्ख्या करिब १४ लाख २० हजार रहेको छ भने करिब २६ हजार पाँच समय जना नेपालीहरु लायन सदस्य रहेका छन् । (पुनश्च : यो संख्या लायन्स क्लब अन्तर्राष्ट्रियको उपयुक्त मितिसम्मको हो । यसमा फेरबदल भइरहेको हुन्छ ।)
लायन्स सदस्यताका फाइदाहरु (Benefits of Lion Membership)
सेवामुखी भावना भई सेवाका क्षेत्रमा लाग्दा लायन्स सदस्यहरुले निम्नानुसार उपलब्धिहरु हाँसिल गर्न सक्छन् -

१. आवश्यक परेकालाई सहयोग (Helping those in need)
२. आत्मसन्तुष्टि (Self Satisfaction)
३. समुदायमा फरक ल्याउनु (Making a difference in the community)
४. आवश्यकतामा विश्वव्यापी प्रभाव (Having an impact on those in need worldwide)
५. नेतृत्वसिपको विकास (Developing Leadership Skill)
६. संचार क्षमता वृद्धि (Enhancing Communication Skill)
७. कार्ययोजना र साङ्गठनिक सिपको सदुपयोग
(Utilization of planning and Organizational skill)
८. नयाँ व्यक्तिसँगको भेटघाट र नयाँ ठाउँ भ्रमण
(Meeting New People and Visiting New Places)
९. सम्बन्ध बिस्तार गर्ने अवसर (Opportunities to network)
१०. आत्मविश्वासमा वृद्धि (Increment in Self Confidence)
११. नयाँ अवसरहरुको प्राप्ति (To get New Opportunity)

(साभार : शताब्दीमा लायन्स)

# जोन बैठक संचालन विधि तथा एजेन्डाहरु

लायन्स क्लब्स अन्तर्राष्ट्रियले आफ्नो साङ्गठनिक संरचनामा क्लव अध्यक्ष, जोन चियर पर्सन, डिष्ट्रिक्ट गर्भनर र अन्तर्राष्ट्रिय अध्यक्षलाई विशेष महत्व दिएर कामको जिम्मेवारी सुम्पिएको हुन्छ । लायन्स क्लवलाई जीवन्त र गतिशील बनाउन जोन चियरपर्सनको अत्यन्त महत्वपूर्ण भूमिका रहन्छ । जोन चियरपर्सन भावी नेतृत्व अर्थात् सेकेण्ड भाइस डिस्ट्रिक्ट गभर्नर नेतृत्व गरि १ कार्यकाल पूरा नगरी भाइस डिस्ट्रिक्ट गभर्नर ९खम्न० का लागि योग्य ९त्तगबषिष्भम० हुन सकिँदैन । त्यसैले त्यसैले पनि यो पदको महत्व छ । क्लव, डिष्ट्रिक र डिष्ट्रिक्ट गभर्नरका बिच पुलको काम गर्ने हुँदा यस पदको भूमिका महत्वपूर्ण हुन्छ ।

एउटा जोनमा कम्तीमा ४ वटा र बढीमा ८ वटासम्म क्लवहरु रहन सक्छन् । यदि कुनै कारवश जोनको जिम्मेवारी लिँदा ३ वटा क्लव मात्र छन् भने ६ महिनाभित्र अर्थात् सोही वर्ष डिसेम्बर महिनाको डिसेम्बर महिनाभित्र डिस्टिक्ट गभर्नरले नयाँ खुलेको क्लव मध्येबाट १ क्लव थप गरि ४ वटा क्लवको जिम्मेवारी दिनुपर्छ ।

